# सि–आस्बा कार्य संचालन सम्बन्धमा
# लगानीकर्ताहरुलाई अत्यन्त जरुरी सूचना

धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विधुतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ अनुसार सि-आस्बा मार्फत दिइने धितोपत्रको खरिद आवेदनमा कुनै त्रुटि भएमा त्यस किसिमको आवेदन बाँडफाँटमा समावेश नहुने हुँदा सम्पूर्ण लगानीकर्ताहरुलाई सि-आस्बा मार्फत धितोपत्रको खरिद आवेदन दिंदा निम्न कुराहरुमा बिशेष ध्यान दिनुहुन अनुरोध गरिन्छ ।

- बैंक तथा वित्तीय संस्थामा भौतिक फाराम भरेर आवेदन दिने ग्राहकले फाराम भर्दा आफुले खरिद गर्न चाहेको कम्पनीको नाम, धितोपत्रको किसिम, आफ्नो हितग्राहि खाता नम्बर, बैंक खाता नम्बर, खरिद गर्न चाहेको धितोपत्रको संख्या तथा रकम स्पष्ट संग उल्लेख गरी धितोपत्र खरिद आवेदन दिने ।
- धितोपत्रको खरिद आवेदन दिनु पुर्व आफ्नो बैंक खातामा आफूले खरिद गर्न चाहेको धितोपत्रका लागि आबश्यक रकम जम्मा रहेको र बैंकले उक्त रकम रोक्का राख्न सक्ने कुराको यकिन गर्ने ।
- मेरो शेयर मार्फत आवेदन दिने लगानीकर्ताले मेरो शेयरमा उपलब्ध Check Application Report मेनु हेरेर आफ्नो खरिद आवेदनको यथास्थितिको जानकारी लिने ।
- यदि आफ्नो खरिद आवेदनको स्थिति आवेदन दिएको दोस्रो दिन सम्म पनि Unverified वा Rejected देखिएमा तत्काल आफ्नो बैकमा सम्पर्क राखि सोको जानकारी लिने ।
  मेरो शेयर मार्फत प्रविष्टी गरिएका शेयर खरिद आवेदनको अबस्थाको जाँचबुझ गर्न देहाय अनुसारको प्रक्रिया अवलम्बन गर्नुहोस् ।
- **MY ASBA** मा रहेको **Application Report** मा क्लिक गर्नुहोस् ।
- आफूले खरिद आवेदन दिएका कम्पनीहरुको सूची संगै रहेको **Check Application Report** मा क्लिक गर्नुहोस् ।
- आफ्नो खरिद आवेदनको विवरणसंगै उल्लेख गरिएको **Status** तथा **Remark** सम्बन्धी विवरण हेर्नुहोस् ।
- आवेदनको **Status** तथा **Remark** ले निम्न अनुसारको अबस्थालाई जनाउँछ ।

| | |
|---|---|
| **Status**<br>Unverified | तपाईको आवेदन सम्बन्धित बैंकमा पुगिसकेको छ तर बैंकले तपाईको बैंक खातामा रहेको रकम रोक्का गरेको छैन । |
| **Status**<br>Unverified<br>**Remark**<br>Block Amount Status - Generated | तपाईको खाता रहेको बैंकले तपाईको खातामा रकम रोक्का राख्नका लागि आन्तरिक कार्य गदैछ । |
| **Status**<br>Verified<br>**Remark**<br>Block Amount Status - Amount Blocked | तपाईको बैंक खातामा तपाईले आवेदन गरे बमोजिमको रकम रोक्का राखिसकिएको छ । तपाईको आवेदन स्वीकृत भएको छ । |
| **Status**<br>Rejected<br>**Remark**<br>Block Amount Status - Rejected | तपाईको बैंक खातामा रकम रोक्का हुन नसकेकाले तपाईको आवेदन रद्ध भयो । बिस्तृत जानकारीका लागि आफ्नो बैकमा सम्पर्क राख्नुहोस् । |
| **Status**<br>Allotted<br>**Allotted Quantity**<br>XXX<br>**Remark**<br>Block Amount Status - Amount Blocked | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँट भैसकेको छ । तपाईलाई XXX कित्ता बाँडफाँट भएको छ । |
| **Status**<br>Allotted<br>**Allotted Quantity**<br>XXX<br>**Remark**<br>Block Amount Status - Amount Released | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँड भैसकेको छ । तपाईलाई XXX कित्ता बाँडफाँट भएको छ । तपाईको खातामा रोक्का राखिएको रकम मध्ये बाँडफाँट भएको रकम कट्टा गरि बाकी रकम फुकुवा गरिएको छ । |
| **Status**<br>NOT Allotted<br>**Remark**<br>Block Amount Status - Amount Blocked | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँड भैसकेको छ । तपाईलाई धितोपत्र बाँडफाँड भएको छैन । |
| **Status**<br>NOT Allotted<br>**Remark**<br>Block Amount Status - Amount Released | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँड भैसकेको छ । तपाईलाई XXX कित्ता बाँडफाँट भएको छ । तपाईलाई धितोपत्र बाँडफाँड भएको छैन । तपाईको खातामा रोक्का राखिएको रकम फुकुवा गरिएको छ । |

**नोटः**

सार्वजनिक निष्काशन बन्द नहुदा सम्म तपाईको बैक खातामा रहेको रकम रोक्का नगरेको अवस्थामा वा तपाईको खातामा रकम अपुग भएको कारणले आवेदन रद्द भएको अबस्थामा Reapply बटन क्लिक गरेर आफ्नो आबेदन संशोधन गर्न सकिन्छ ।

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि)**
**शेयर मार्केटस् कमर्सियल कम्पलेक्स, चौथो तल्ला**
**पुतलीसडक, काठमाण्डौ**
**सम्पर्क नं.: ०१-४२३८००८, ४२१६०६८, ४२४०१५०**